# समाचार सन्देश

वर्ष १४, अङ्क ७ आई.पी.एस्. लेख रचनाको सँगालो, कार्तिक ३०-मंसिर १४, २०६४ (नोभेम्बर १६ - ३०, २००७)

## संघर्षको बाटोमा अल्पसंख्यक भारतीय

– बरदान कुप्पुसामी

कुवालालम्पुर (आई.पी.एस्./एन्.पी.आई.) – मलेसियाका हिन्दुहरू, खासगरी १९ शताब्दीका तमिल मजदुरका सन्ततीले नोभेम्बरको अन्तिम साता प्रधानमन्त्री अब्दुल बादाबीको चेतावनी अस्वीकार गर्दै प्रहरीको लाठी र अश्रुग्याँसको पर्वाह नगरी औपचारिक विभेदविरुद्ध प्रदर्शन गरे र राष्ट्रिय सम्पत्तिमा बराबर हिस्सेदारीको माग गरे ।

१९५७ को स्वतन्त्रतापछिको सबैभन्दा ठूलो यो सडक प्रदर्शनले जुम्ल्याहा टावरका कारण सुप्रसिद्ध यो सहरलाई ठप्प पार्‍यो ।

अश्रुग्याँसको वर्षापछि किंकर्तव्यविमूढ बनेका बटुवा, पसले र कामदारहरू यत्रतत्र भागे र हावा रसायनले भरियो । स्वतन्त्र अनलाइन समाचार सेवा मलेसियाकिनी डट कमले प्रदर्शनकारीको संख्या २० हजारभन्दा बढी भएको दाबी गरेको छ भने अरुले सो प्रदर्शनमा ५० हजारभन्दा बढी मानिस सहभागी भएको बताए ।

धेरै प्रदर्शनकारी भित्री भागबाट सहर प्रवेश गर्ने क्रममा पक्राउ परेको र कयौं भागेको २००५ मा हिन्दु अधिकारका लागि संघर्ष गर्न गठित हिन्दु राइट्स एक्सन फोर्स (हिन्ड्राफ) का आयोजकले बताए ।

धेरै प्रदर्शनकारीले मलेसियाको झन्डा फहराएका थिए भने प्रदर्शन हिंसारहित छ भन्ने जनाउन भारतका स्वतन्त्रतावादी नेता महात्मा गान्धीको तस्वीर घाँटीमा झुन्डाएका थिए ।

उनीहरूले आना मागबारे शान्तिपूर्वक आवाज उठाउन दिन सरकारलाई आग्रह गरिएका व्यानर पनि बोकेका थिए । ती मध्ये एउटा व्यानरशमा लेखिएको थियो 'हामी तिमीलाई हाम्रा समस्या बताउन मात्र चाहन्छौं.... हामीलाई पशुको व्यवहार नगर ।'

समस्या बुझ्नका लागि उनीहरूले गरेको आग्रह र धैर्यलाई कसैले सुनेन ।

'ठूलो संख्या प्रदर्शन गरेर हामीले हामी कातर छैनौं भन्ने देखायौं' हिन्ड्राफका मुख्य नेता तथा अधिवक्ता पि उथयाकुमारले भने 'अब सरकारले हामीलाई बेवास्ता गर्न सक्दैन । हामी पनि विचारणीय शक्ति हौं' अश्रुग्याँसका सेल छल्दै उनले भने । कारखाना र ठूलठूला कृषि फार्ममा कम तलबमा कार्यरत एवं कम्तीमा तीस लाख विदेशी कामदारसँग प्रतिस्पर्धा गर्न बाध्य मजदुरलाई न्याय दिलाउनका लागि आना विरोध कार्यक्रमलाई हिन्ड्राफले अझै अघि बढाउने उनले बताए ।

आर्थिक मन्दी, खाद्यान्न र इन्धनको बढ्दो मूल्य र रोजगारीका लागि गर्नुपर्ने प्रतिस्पर्धाले बहुमत मलाया र मुलुकका अधिकांश व्यवसाय नियन्त्रण गर्ने चिनियाँ समेतका अरु जातिलाई भन्दा भारतीयलाई बढी मुस्किल पारेको छ ।

विलासीतापूर्ण व्यवसायिक केन्द्रलाई सामान्य अवस्थामा फर्काउन प्रहरीलाई करिब ६ घन्टा लाग्यो । प्रदर्शनले यहाँ लाखौं डलरको नोक्सान भएको बताइएका छ ।

प्रहरीले दर्जनौं राउन्ड अश्रुग्याँस फाल्यो, प्रदर्शनकारी माथि लाठा र रसायन मिसाइएको पानीको फोहरा वर्षायो तर प्रदर्शनकारले प्रहरीलाई किनारा लगाउन मुसो र बिरालोको खेल खेले । कयौं प्रदर्शनकारी पक्राउ परे भने थुप्रै घाइते भए ।

प्रतिपक्षका विधायकहरूले आना गुनासाहरूबारे शान्तिपूर्ण तवरले आवाज उठाउन मात्र चाहेका जनतामाथि अत्यधिक बल प्रयोग गरेकोमा सरकारको निन्दा गरे ।

विपक्षी नेता लिम किट सायङले आनो विज्ञप्तिमा भनेका छन् 'अत्यधिक शक्तिको प्रयोग न्यायसंगत छँदै छैन । म मानिसहरूले सहेको पीडामा व्यक्तिगत रूपमै प्रधानमन्त्री

### अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

अब्दुल बादाबीलाई जिम्मेवार ठान्छु । जनताले आउने चुनावमा यो हिंसाप्रतिको अस्वीकृति देखाउनेछन् ।'

प्रदर्शनकारीले व्यवसाय गर्ने लाइसेन्स, जागिर, विश्वविद्यालयमा छात्रवृत्ति तथा आदिवासी मलेसियालीका लागि मात्र उपलब्ध विशेषधिकार आफूहरूले पनि पाउनुपर्ने माग गरेका छन् ।

हस्तक्षेपको लागि बेलायत सरकारलाई आग्रह गरिएको ज्ञापनपत्र यहाँस्थित बृटिश उच्च आयोगमा बुझाएर मलेसियाली सरकारलाई लज्जित गराउने प्रदर्शनकारीको योजना थियो ।

अम्पाडस्थित कूटनीतिक इलाकातर्फ अघि बढेका प्रदर्शनकारीलाई प्रहरीले रोकिदियो ।

'बृटिसहरूले हाम्रा पुर्खालाई एक सय ५० वर्षअघि यहाँ ल्याए । तिनीहरूले हामीलाई शोषण गरे मुस्लिम बहुल सरकारको दयामा छाडे' प्रदर्शनमा सहभागी प्रतिपक्षी विधायक कुलासेगरान मुरुगेसानले भने ।

'उनीहरू हाम्रो हित हुने काम गर्न असफल भए' उनले आईपीएससँग भने 'हामीसँग हाम्रा गुनासाबारे आवाज उठाउने अधिकार छ ।'

दुई दिनअघिको र्‍यालीअघि प्रहरीले उपनिवेशकालीन कानुनको आधारमा हिन्ड्राफका तीनजना सदस्यलाई देशद्रोहको आरोप लगाउँदै पक्राउ गरेको थियो ।

बहुसंख्यक मलायाहरूले अनियन्त्रित राजनीतिक शक्तिको प्रयोग गरी शिक्षा, रोजगारी र व्यवसायको अधिकार आनै कब्जामा राखेको गुनासो दुई करोड साठी लाख जनसंख्यामा आठ प्रतिशत हिस्सा ओगट्ने अल्पसंख्यक भारतीयहरूको छ ।

'हामी अधिकारबिहीन भयौं... हामी न्यायपूर्ण भागबन्डा होस् भन्ने चाहन्छौं' उथयकुमारले भने 'हामी अधिकारबिहीन मात्रै छैनौं हाम्रा मन्दिरहरू भत्काइएका छन्, हाम्रा विद्यालयहरूलाई वेवास्ता गरिएको छ र हाम्रा मानिस डरलाग्दो अवहेलनाको सिकार भएका छन् ।'

अधिकारीहरू सबै समुदायले न्यायपूर्ण हिस्सा प्राप्त गरेको दाबी गर्दै यस्ता तर्कहरूलाई वेवास्ता गर्छन् । तर, आरोप लगाउनेहरूले लामो समयदेखि पीडा भोगिरहेको तमिल समुदायमा सहानुभूति दर्शाउनुपर्ने थुप्रै भुक्तभोगी भेट्टाएका छन् ।

१० महिने शिशुका बाबु ४६ वर्षीय सेल्भाराजाह रामकृष्णन भन्छन् 'मसँग एउटा लरी छ तर मलेसियन अनुमतिधारीसँग लरी चलाउने अनुमति भाडामा लिन चार सय रिंगिट (१९ अमेरिकी डलर) तिर्नुपर्छ ।'

'मैले सवारी चलाउने अनुमतिपत्रका लागि १५ वर्षदेखि आवेदन गर्दै आएको छु तर अझसम्म पाएको छैन' थुप्रै भारतीयले यस्तो अवहेलनाको सामना गरिरहेको खुलस्त पार्दै उनले भने 'अनि मैले कसरी मेरो परिवार पाल्न सक्छु... मेरी छोरीको भविष्य कस्तो प्रकारको होला ? किन म आनै मुलुकमा विभेदबाट प्रताडित छु ?'

तमिल गुनासो गहिरिएको स्वीकार्दा प्रतिपक्षी विधायक र नागरिक अधिकार कार्यकर्ताहरू हिन्ड्राफ र यसका नेताहरूको धार्मिक र जातिवादी चरित्रप्रति पनि उत्तिकै चिन्ता व्यक्त गर्दछन् ।

प्रतिपक्षी नेता अनबर इब्राहिम उक्त विरोधलाई लामो समयदखि उम्लिरहेको तमिल गुनासोलाई लिएर उत्पन्न आक्रोश हटाउन महत्वपूर्ण सुरक्षा उपयोगिताको रूपमा व्याख्या गर्छन् र ती आवाजलाई स्वतन्त्र रूपमा प्रसारित हुने अनुमति दिन सुझाव दिन्छन् । अनवरले हिन्ड्राफको निषेधकारी अवधारणाप्रति चासो व्यक्त गर्दै सो संस्था र यसका नेताहरूलाई तमिल गुनासोहरूको सम्बोधन गर्दा सन्तुलित र समावेशी अवधारणा अवलम्बन गर्न सुझाव दिएका छन् ।

उनी सिकायतहरू बादाबीले नेतृत्व गरेको भ्रष्ट गठबन्धन सरकारप्रति लक्षित हुनुपर्छ भन्छन् । उनको भनाईमा यो सरकारले शक्तिको दुरूपयोग गर्नुका साथै भारतीय मात्रै नभएर सबै अल्पसंख्यक समुदायका पीडालाई निरन्तर वेवास्ता गरेको छ ।

'तमिल पीडाको लागि मलायाहरूलाई दोष दिनु ठिक होइन र यो हामीले चाहेको परिवर्तन हासिल गर्न रचनात्मक पनि हुँदैन । हामीले जो जति मलेसियनका लागि न्याय खाँचो छ, सबैका लागि माग्नुपर्छ' उनले भने ।

जनंख्याको ६० प्रतिशत मलाया मुस्लिमहरू सन् १९५७ को स्वतन्त्रताताका आर्थिक रूपमा निकै पिछडिएका थिए तर, 'मलायालाई पहिला' को विभेदकारी नीतिले उनीहरूलाई थुप्रै मोर्चामा अगाडि ल्यायो र अहिले उल्लेख्य आकारको मध्यमबर्ग खडा गरेको छ । टिन खानीमा काम गर्ने मजदुरको रूपमा पहिलोपल्ट यहाँ आएका चिनियाँहरूले अहिले जनसंख्याको २५ प्रतिशत हिस्सा ओगट्छन् भने अर्थतन्त्रको ६० प्रतिशत हिस्सा उनीहरूको नियन्त्रणमा छ ।

अहिले जातीय विभाजनको केन्द्रभागमा नयाँ आर्थिक नीति छ जुन प्रारम्भमा गरिबी निवारण, जातीय अपमानको अन्त्य, सम्पत्ति आर्जन र आर्थिक समानता सुनिश्चित गर्नका लागि डिजाइन गरिएको थियो । तर कार्यान्वयनको अवस्थामा पुग्दा अरु जातको सट्टा ग्राह्यतापूर्ण रोजगारी, शिक्षा, छात्रवृत्ति, व्यवसाय र सस्तो आवास र सहयोग प्राप्त बचत समेतका कार्यक्रमबाट मलायाहरू नै बढी लाभान्वित भए ।

घटनाहरू जे भए तापनि अज्ञानताबाट भर्खरै व्युँझिएका तमिलहरू आगामी मार्चमा हुने ठानिएको निर्वाचनमा बादावीको लागि अभिशापको रूपमा देखापर्नेछन् । किनकी धेरैजसो प्रदर्शनकारीले आना गुनासाहरूको सम्बोधन नभएसम्म प्रतिपक्षलाई मतदान गर्ने प्रतिज्ञा गरेका छन् ।

# बर्डफ्लुविरोधी योद्धासँगै मैदानमा रहेका हाँस

– मारवान माकन-मार्कर

बैंकक (आई.पी.एस./एन.पी.आई.) – जब मौसमी तापक्रम घट्न थाल्छ र अर्को हिउँद याम नजिकै आउँछ, तब मानिसको ध्यान घातक एभियन इन्लुएन्जा (एआई) विषाणुको हिसावले ज्यादै जोखिमको अवस्थामा रहेको भियतनामको हाँसमा केन्द्रित हुन्छ ।

खुल्ला रूपमा पालिएका हाँसको नोभेम्बरमा भएको मृत्युको ठूलो संख्याले तिनीहरू सन् २००३ को हिउँदमा एआई देखापरेको एच५एन१ विषाणुको 'मौन बाहक' मात्रै होइनन् भन्ने पहिले सोचिएको कुरालाई पुष्टि गरेको छ । मुलुकको उत्तरी पर्वतीय क्षेत्रमा पर्ने काओ बाङ प्रान्तमा ८२ वटा समूहका ६० वटा हाँस र १७ वटा समूहका १२ कुखुरा नोभेम्बरमा पाँच दिनको अन्तरलमै मरे ।

'संक्रमित भइरहेका र मरिरहेका खुल्ला रूपमा पालिएका हाँसले कुखुराको भन्दा फरक संकेत देखाएनन्' खाद्य तथा कृषि संगठन (एफएओ) का एआई सम्बन्धी वरिष्ठ प्राविधिक सल्लाहकार जेफ्री गिलबर्ट भन्छन् 'ठूलो संख्याका हाँसहरूलाई साढे दुई वर्षअघिसम्म एच५एन१ को मौन बाहक ठानिएको थियो ।'

तर, यो वर्ष एआईको प्रमुख दुई महामारीका बेला यो दक्षिणपूर्वी एसियाली मुलुकमा देखिएको हाँसको उच्च मृत्युदरले पशुस्वास्थ्य विशेषज्ञहरूलाई फेरि एकपटक सोच्न बाध्य पार्‍यो । 'भियतनाममा २००७ मा भएको मृत्युका घटनाको तीन चौथाई अंश खुल्ला रूपमा पालिएका हाँसको थियो' गिलबर्टले हो चि मिन्ह सहरबाट आईपीएससँगको टेलिफोन अन्तर्वातामा भने 'तिनीहरूलाई खोप लगाउन कठिन छ र तीन चार हेक्टर जमिनमा घुमफिरका लागि छाडिएका हुन्छन् ।'

संयुक्त राष्ट्रसंघीय एजेन्सीले यहाँ खुल्ला रूपमा पालिएका हाँसको संख्या ६ करोड रहेको अनुमान गरेको छ, तीमध्ये अधिकांश दक्षिणी मेकोङ मुहानका कृषकहरूले पालेका समूहमा छन् । हाँसहरूलाई प्रायजसो धानखेतमा स्वतन्त्र घुमफिर गर्न दिइन्छ, जहाँ उनीहरूले खासगरी पाकेको धानप्रति आकर्षित किरा-फट्यांग्रा खाएर बाली भित्र्याउने मौसममा उपयोगी भूमिका खेल्दछन् ।

तर, हाँसहरू बाटोघाटो र सडकमा पनि भेटिन्छन् । यिनीहरू गाडीको टायर, बडी वा मानिसको सम्पर्कमा समेत आउन सक्ने हुँदा विषाणु फैलाउन योगदान गर्दछन् । 'केही इलाकामा हाँसहरू जंगली वा आप्रवासी चराको बथानमा समेत नियमित रूपमा मिसिन्छन्' गिलबर्टले भने ।

भियतनामको हाँसको संख्याबारेको चासो--जुन नोभेम्बरको अन्तिम साता हो चि मिन्ह सहरमा आयोजित दुई दिने छलफलको विषय थियो--ले एच५एन१ जातको भाइसरको अर्को कष्टकर विशेषतालाई अग्रपंक्तिमा ल्याएको छ । सफल रोकथाम कार्यक्रमको फलस्वरूप लामो समयदेखि पक्षी मृत्युको घटना नदेखिए पनि केही मुलुकहरूमा यो चुनौतीको रूपमै

रहेको छ ।

खासमा भियतनामले यो वास्तविकताको उदाहरण प्रस्तुत गर्न सघाउँछ। भियतनामले कुखुरा संकलन, खोप, खुल्ला मासुबजार बन्द तथा भाइरस फैलाउन सहयोग गर्न सक्ने स्थानीय बानीबेहोरा त्याग्न चलाएको चेतनामुलक अभियान सहितको बृहत राष्ट्रिय कार्यक्रममार्फत सन् २००६ को अधिकांश समय मुलुकमा संक्रमणका घटना देखापर्न नदिनेमा सफलता पायो। अघिल्लो पनि भियतनाममा यो घातक विषाणुबाट मानिस संक्रमित भएको एउटै घटना देखिएन् ।

तर, एच५एन१ संक्रमणको नयाँ लहर सन् २००६ को क्रिसमसपछि कुखुरा र हाँसमा देखा परेर जनवरीमा टुंग्यो । संक्रमणको अर्को लहर मध्य मेमा सुरु भयो र नघटिकन जारी रह्यो । पशुस्वास्थ्य विभागका अनुसार मुलुकका ३४ वटा प्रान्त एच५एन१ को चपेटामा परे ।

परिणामस्वरूप, यो मानिसमा पनि सर्‍यो । यो वर्ष संक्रमणका सातवटा घटना सार्वजनिक भए जसमध्ये चारवटा घातक ठहरिए। सो घटनाले भियनताममा एच५एन१ बाट मर्नेको संख्या ४६ पुर्‍याउँदै यो मुलुकलाई उक्त रोगबाट प्रभावित दोस्रो मुलुकको रूपमा उभ्यायो ।

एच५एन१ बाट भएको मानव मृत्युको हिसावले इन्डोनेसिया पहिलो नम्बरमा पर्छ जहाँ सन् २००५ यता बर्डफ्लुबाट संक्रमित एक सय १३ मध्ये ९१ जनाको ज्यान गएको छ। यो वर्ष पनि उक्त विषाणुबाट प्रभावित ३८ मध्ये ३३ जनाको ज्यान गएको तथ्याङ्क छ। यी दुईपछिको प्रभावित मुलुक यो क्षेत्रमा थाइल्यान्ड हो जहाँ सन् २००४ यताका २५ संक्रमितमध्ये १७ जनाको मृत्यु भएको छ तर यो वर्ष चाहि थाइल्याण्डमा यस्तो घटना रेकर्ड गरिएको छैन ।

विश्व स्वास्थ्य संगठनसँग बर्ड लुबाट विश्वभरिका १२ मुलुकमा सो विषाणुबाट संक्रमित तीन सय ३५ मध्ये २०६ जनाको ज्यान गएको तथ्याङ्क छ । बर्डलुको चपेटामा खासगरी मध्य एसिया, अफ्रिका, उत्तरपूर्वी एसिया र दक्षिणपूर्वी एसियाका मुलुकहरू परेका छन् ।

बर्डलुको पछिल्लो महामारी ६० वटा मुलुकमा फैलिएको संयुक्त राष्ट्रसंघ र विश्व बैंकले यी निकायहरूको न्युयोर्कस्थित मुख्यालयमा नोभेम्बरको अन्तिम साता सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । त्यसमध्ये ६ वटा मुलुकमा यो भाइरसले गहिरोसँग जरा गाडेको छ जसमा भियतनाम र इन्डोनेसिया पर्दछन् ।

तीन वर्षको अवधिमा एच५एन१ पूर्वी एसियाभन्दा बाहिर पनि फैलिएको छ, जहाँ यो महामारी पहिलो पटक देखिएको हो । यी मुलुकहरूमा उत्तर र पश्चिम अफ्रिका, मध्य युरोप र इङल्यान्ड रहेको 'रेस्पोन्सेस टु एभियन इन्लुएन्जा एण्ड स्टेट अफ पेन्डामिक रेडिनेस' नामको प्रतिवेदनले खुलस्त पारेको छ । यो प्रतिवेदन डिसेम्बरको ४ देखि ६ सम्म भारतको नयाँ दिल्लीमा हुने बर्डलुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा छलफलका लागि प्रस्तुत गरिनेछ ।

'हामीसँग रोग फैलन सक्ने सम्भावनाविरुद्ध मुलुकहरूले लिएका पूर्वसावधानीका योजना वास्तवमै कार्यान्वयनयोग्य छन् त भन्नेबारे केही प्रमुख चिन्ताहरू छन्' एआईविरोधी विश्वव्यापी अभियानको संयोजन गरिरहेका वरिष्ठ राष्ट्रसंघीय अधिकारी डा. डेभिड नाबारोको भनाई सञ्चारमाध्यमहरूले उद्धृत गरेका छन् 'जब महामारीले छुन्छ, भाइरसले सिमाना बुझ्दैन र तिनीहरू सबै मुलुकमा फैलनेछन् र संसार नै जोखिममा पर्नेछ ।'

एक सय ४३ मुलुकहरूमा एआई महामारीका सम्बन्धमा गरिएको पूर्वतयारीको अध्ययन गरेको सो नयाँ प्रतिवेदनले मान्छेमा तीव्र गतिमा फैलने स्वरूपमा परिवर्तन भइरहेको एच५एन१ को भाइरसको चुनौतीसँग लड्न गरिएका प्रयासहरूलाई सशक्त तुल्याउनुपने २००४ देखिको आग्रहहरूलाई पनि समेटेको छ । यसो भएको खण्डमा लाखौं मानिस मर्नसक्ने चेतावनी विश्व स्वास्थ्य संघले दिएको छ ।

# डुमाले अलपत्र छाडेको सजाय

– केस्टर केन क्लोमेगाह

मस्को (आई.पी.एस्./एन्.पी.आई.) – स्टेट डुमा आनो चारवर्षे कार्यकाल मृत्युदण्डमा प्रतिबन्ध लगाउनेलगायत महत्वपूर्ण विधेयकहरूको थुप्रो अपपत्र छाडेर नोभेम्बरको तेस्रो साता समाप्त भयो ।

'मृत्युदण्डमाथि प्रतिबन्ध लगाउने छैटौं बडापत्रको अनुसमर्थनसम्बन्धी विधेयकमाथि धेरैपटक वृहत् छलफल भयो तर हामीले समस्याको मुकावला गर्न पर्याप्त मत जुटाउन सकेनौं' देवानी र फौजदारी विधेयकसम्बन्धी संसदीय समितिका अध्यक्ष क्राशेनिन्निकोभले आईपीएससँग भने ।

'विधेयकमाथि मतदान नभए तापनि स्टेट डुमाले सो विधेयकलाई पृष्ठभूमिमै बदल्यो भन्दा हामी गलत हुनेछौं । तैपनि तर्कसंगत सम्भावना के छ भने सो विधेयकमाथि अर्को संसदीय सभामा विचार गरिने छ र अर्को चरणको मतदानका लागि तयार गरिने छ । निश्चयनै यो यसको एउटा प्राथमिकता हुनेछ' क्राशेनिन्निकोभले भने ।

२ डिसेम्बरको संसदीय निर्वाचनपछि गठन हुने अर्को संसदीय सभालाई नयाँ विधेयक बनाउने जिम्मेवारी बाहेक अपूर्ण काम पूरा गर्ने लगायत उद्देश्यअनुरूप क्रियाशील नभएका कानुनहरू सच्याउने काम दिइनेछ ।

सामान्यतया स्टेट डुमाको नामले पुकारिने तल्लो सदनका चार सय ५० सदस्य प्रत्येक चार वर्षमा निर्वाचित हुने गर्दछन् । र यसको एकमात्र जिम्मेवारी मुलुकको लागि आवश्यक पर्ने कानुन बनाउनु हो ।

एकजना प्रतिष्ठित विधायक के कुरा स्वीकार्छन् भने स्टेट डुमाका बहुमत सदस्यहरू मृत्युदण्डलाई पूर्ण रूपमा खारेज गर्ने प्रतिवद्धता जनाउन आफू तयारी अवस्थामा थिएनन्--तथापि राष्ट्रपति भ्लादिमिर पुटिनले त्यस (मृत्युदण्ड खारेजी) का लागि बारम्बार अनुरोध गरिरहेका थिए ।

आफूले मृत्युदण्डलाई 'सम्वेदनहीन र प्रत्युत्पादक' ठानेका पुटिनले सोचीस्थित बाल्डाई इन्टरनेशनल डिस्कसन मञ्चमा बोल्ने क्रममा बताएका थिए ।

'मृत्युदण्डको सम्वेदनहीन प्रकृति मानव जाति र आधुनिक सभ्यताको हजारौं वर्षको इतिहासबाट प्रमाणित भइसकेको छ, सजायलाई कठोर बनाएर मृत्युदण्डसम्म पुऱ्याउनु रामबाण र अपराधविरुद्धको लडाइमा प्रावकारी उपाय होइन' पुटिनले जोड दिएका थिए ।

'सबैलाई थाहा छ, अपराधविरोधी लडाईमा ज्यादै प्रभावकारी हतियार भनेको सजायबाट उम्कन नदिनु हो न कि सजायको क्रुरता । यो भयो पहिलो कुरा । दोस्रो, नागरिकको सम्बन्धमा, अपराधी नै भए पनि मृत्युदण्डको कानुनले आम जनतामा राज्यले क्रुरता सिकाउँछ र नागरिकबीचको आपसी सम्बन्धमा र राज्य स्वयंकै सम्बन्धमा पनि यसले नयाँ क्रुरतालाई अगाडि ल्याउँछ भन्नेमा म पूर्ण विश्वस्त छु । र यो खतरनाक र पत्युत्पादक पनि

छ' पुटिनले भने ।

'मेरो विचारमा मृत्युदण्ड लाद्ने अधिकार कुनै पनि सरकारलाई दिइनु हुँदैन । मृत्युदण्ड सुरुमा आपराधिक हिसावले कुख्यात व्यक्तिलाई नियन्त्रण गर्ने उद्देश्यले देखापर्छ। मृत्युदण्ड दिने चेतावनी राज्यको अन्तिम अन्तिम धम्की हो' युनिभर्सिटी अफ मोन्तानको कानुन संकायका प्राध्यापक जेफ्री टि रेन्जले मिसौलबाट भने ।

मृत्युदण्ड अवलम्बन गरिरहेका मुलुकहरू-क्याटालिनेरियन षडयन्त्रपछिको रोम होस् वा संयुक्त राज्य अमेरिका-ले यसलाई दमनकारी हतियारको रूपमा प्रयोग गरेको उनले बताए ।

'उत्तरी ओसेटिया र ककेसस क्षेत्रदेखि सद्दाम हुसेनको संसारसम्मका तथाकथित हत्याराबाट आफूलाई जोगाउने अन्य उपायहरू पनि हामीसँग छन् । हामी उनीहरूलाई बाहिरी विश्वबाट जीवनभर अलग राख्ने गरी जेल हाल्न सक्छौं । मलाई लाग्छ विश्वका सबैले मृत्युदण्ड खारेज गर्दा वा मृत्युदण्डको कानुन वास्तवमै लागू नहोस् भनी प्रभावकारी कदम चाल्दा सोभियत गणराज्यहरूले यो कुरालाई बुझेका थिए' उनले थपे ।

पश्चिमी दृष्टिकोणबाट हेर्दा रसियाली समाजको प्रजातान्त्रिकरणको इतिहास लामो नभएको रेन्जको जिकिर छ ।

मस्कोले मृत्युदण्डमाथि प्रतिबन्ध नलगाएसम्म युरोपेली परिषद् (सिई) ले रसिया पठाएको अनुगमन मिसन फिर्ता नगर्ने परिषद्का आयुक्त थोमस ह्याम्बर्गरले बारम्बार दोहोऱ्याउँदै आएका छन् ।

सिईले १० वर्षअघि रसिया सो संगठनम प्रवश गर्दा जनाएको बाध्यकारी प्रतिबद्धता पूरा गरे नगरेको अनुगमन गर्दछ ।

हालसम्म मृत्युदण्ड खारेज नगर्ने युरोपेली मुलुक रुस मात्रै हो । तथापि उस्ले सो संगठनमा प्रवेश गर्दा फाँसीको सजाय खारेज गर्ने प्रतिज्ञा गरेको थियो ।

रसियाले तत्काल मृत्युदण्ड खारेज गर्नुपर्ने र संविधानको एक अंगको रूपमा महासंघका कुनै पनि गणराज्यमा प्रतिबन्ध लगाउनुपर्नेमा रेन्ज जोड दिन्छन् ।

'उदाहरणको लागि युरोपेली परिषद्मा सहमागिताको चाहना गर्ने वा युरोपेली संघ र ओएससीइसँग सम्बन्ध भएका मुलुकहरूले मानवअधिकार स्थितिमा सुधार गर्ने कि सदस्यताको फाइदा त्याग्ने भन्ने निर्णय स्वतन्त्र रूपमा गर्न सक्छन्' उनले भने ।

अर्को अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एमनेष्टि इन्टरनेशनल प्रजातान्त्रिक विश्वमा मृत्युदण्ड कुनै पनि परिस्थितिमा स्वीकार्य नहुनेमा विश्वास गर्दछ ।

'प्रत्येक मृत्यदण्ड मानवीय मर्यादाको अपमान हो र मानवअधिकारको गम्भीर निन्दा हो । विश्व निरन्तर मृत्युदण्डको विरोधमा एकजुट हुँदैछ' एमनेष्टिका मृत्युदण्डसम्बन्धी टोलीको संयोजक पियर्स बन्निस्टरले आइपीएससँगको अन्तर्वार्तामा भने ।

'त्यो दोषी ठहऱ्याइएका निर्दोषमाथि पनि प्रयोग हुन सक्छ र यो प्राय: पक्षपाती सुनुवाईपछि वा असन्तुलित रूपले अल्पसंख्यक, जनजाति, गरिब र अन्य सुविधाविहीन समुदायमाथि लादिन्छ' उनले भने ।

एआईले सद्दाम हुसेनजस्ता मानवअधिकारका गम्भीर उल्लंघनका दोषीहरूलाई उनीहरूले गरेको काममा उत्तरदायी बनाउन नियमित रूपमा अभियान सञ्चालन गर्दछ । जबकी एआई उनीहरूलाई दिइने सजाय निश्पक्ष सुनुवाइको आधारमा र अन्तर्राष्ट्रिय मापदण्डअनुसार हुनुपर्नेमा जोड दिन्छ। कहालीलाग्दो प्रकृतिको अपराधमा पनि दोषीलाई क्रुर र अमानवीय सजाय दिन तथा अपमानित गर्न नहुने एआईको सुझाव छ ।

'रसियालाई मृत्युदण्ड खारेज गर्नबाट रोक्ने तत्व हाम्रो जानकारीमा छैन' बन्निस्टर भन्छन् ।

मृत्युदण्डप्रति राष्ट्रपति पुटिनको गम्भीर असहमति रहे पनि सर्वसाधारणले मृत्युदण्डको पूर्ण खारेजीलाई सर्वसाधारणले अस्वीकार गर्न सक्ने रसियाली अधिकारीहरूले बारम्बार दोहोऱ्याइरहेका छन् ।

जनसंख्याको ठूलो हिस्साले मृत्युदण्डको समर्थन गर्दागर्दै पनि कयौं मुलुकले यसलाई खारेज गरेको बन्निस्टर बताउँछन् ।

# उत्तर कोरियासँगको एकीकरणमा युवाहरु उदासीन

– एजेक्स जोङ ली

सिउल (आई.पी.एस्/एन्.पी.आई.) – उत्तर र दक्षिण कोरियाबीचको ऐतिहासिक शिखर सम्मेलनको एक महिनापछि र दक्षिण कोरियामा हुन गइरहेको राष्ट्रपतीय निर्वाचनको करिब एक महिनाअघि विद्यार्थी, अधिकारकर्मी र बुद्धिजीवीहरूले युवाहरूमा रहेको परम्परावादी सोच र राजनीतिप्रति बढ्दो उदासीनतामाथि चिन्ता व्यक्त गरे ।

हालै दक्षिण कोरियाका सात प्रमुख विश्वविद्यालयमा गरिएको मत सर्वेक्षणले ४० प्रतिशत युवा परम्परावादीको रूपमा चिनिन चाहने र आउँदो राष्ट्रपतीय निर्वाचनमा परम्परावादी उम्मेदवारलाई भोट हाल्ने सोचमा रहेको देखाएको छ । विगतमा विद्यार्थी विशेष गरी सन् १९८० ताका तानाशाही सैनिक सरकारविरुद्ध लडेको र देशलाई प्रजातान्त्रीकरण गर्ने पुस्ता, जसलाई '३८६ पुस्ता' भनेर चिनिन्छ, त्यसको ठीक विपरीत धारणा राख्थे ।

आईपीएससँगको कुराकानीमा अधिकांश विद्यार्थीले धेरै कोरियाली युवाहरू विगतमा भन्दा अहिले निकै परम्परावादी भएको बताए । तर कसैलाई आजभोलि 'उदारवादी' र 'परम्परावादी' बीचको फरक त्यत्ति स्पष्ट भएको पाइँदैन ।

सिउल नेशनल युनिभर्सिटीका विद्यार्थी काङ सेउङ-क्युनले भने 'हामी उदार वातावरणमा हुर्केका भए पनि धेरै विद्यार्थीहरू परम्परावादी छन् भन्ने भनाई तपाईलाई विरोधाभाषपूर्ण लाग्न सक्छ । तथापि हाम्रो राजनीतिक दृष्टिकोण द्वैध चरित्रको छ, मतलब हामी परिस्थितिअनुसार उदारवादी वा परम्परावादी कुनैलाई पनि विकल्प छान्न सक्छौं । त्यसकारण राजनीतिक मामिलामा हाम्रो निश्चित वा बलियो धारणा छैन ।'

सिउल नेशनल युनिभर्सिटीकै प्राध्यापक चुङ योङ वुकले भने 'धेरै युवा कोरियालीमा राजनीतिक लचकताको अभावको एउटा कारक तत्व उत्तर कोरियाको वास्तविक र अनुमानित आक्रमणको (अर्को कोरियाली युद्ध भएको खण्डमा सैनिक आक्रमण र पुनः एकीकरण भएको खण्डमा आर्थिक हमला) त्रास हो ।'

'तसर्थ गत महिना भएको शिखर सम्मेलन दुई कोरियाबीचको आपसी सम्बन्ध सुधार र सद्भाव विकास गर्नेतर्फ सकारात्मक कदम हो,' उनले थपे ।

चुङका अनुसार दक्षिण कोरियाली प्रथम राष्ट्रपति सिङमन रीको पालादेखि नै प्रत्येक पछिल्लो सरकारले सामाजिक संरचनामा आफ्नो बुता खर्चेको छ । यसले सन् १९८० ताका प्रजातान्त्रिक आन्दोलनमा लागेको पुरानो पुस्ता र हालको पुस्ताबीचको पुर्ख्यौली भिन्नता अझ बढाएको छ । यसैबेला, जे भए पनि अझै निकै स्थापित र पाका राजनीतिज्ञहरूको नियन्त्रणमा रहेको सरकारमा युवा पुस्ताले सहभागी हुन नपाएको उनी बताउँछन् ।

'युवाहरूसँग पैसा छैन त्यसैले उनीहरूले आर्थिक रूपमा टकटकिएको महसुस गर्दछन्' उनले भने ।

'राजनीतिज्ञ बन्ने र आना विषयमा बोल्ने जस्ता केही काम गरौं भन्ने भावना भए पनि पुरानो पुस्ता यति बलियो छ कि युवाहरू निराश बन्दछन् र आनो सपना त्याग्नुको विकल्प उनीहरूसँग हुन्न' आईपीएससँगको अन्तर्वार्तामा चुङले भने ।

सुङ कोङ होइ विश्वविद्यालयका प्राध्यापक एवं बुद्धिजीवि ह्यो-जे चो कोरियाली युवाहरू तुलनात्मक रूपमा बढी पुरातनवादी भएको स्वीकार्छन् । तर उनीहरू साँच्चै पुरातनवादीताबाट कोरियामा के भइरहेको छ भन्ने छुट्ट्याउन पनि सक्छन् भन्ने कथन छ उनको ।

चोको भनाईमा कोरियाका बहुसंख्यक स्वघोषित युवा 'पुरातनपन्थी' हरू 'साम्प्रादायिक पुनरुत्थानवादी' प्रति बफादार छैनन् बरु लहडमा, अज्ञानतावस वा स्वार्थी खुल्ला बजार प्रणालीको परिणामस्वरूप आफूलाई

'परम्परावादी' भन्न रुचाउँछन् । खास सैद्धान्तिक धरातलबिना नै अभिप्रेरित भएका युवालाई उचित वातावरण निर्माण गर्ने हो भने सजिलैसँग प्रगतिशील राजनीतिमा ल्याउन सकिने उनको तर्क छ ।

सोही विश्वविद्यालयका अर्का प्राध्यापक चाङ नाम किम यतिबला पाका कट्टर पुरातनवादीहरूले कोरियाली विद्यार्थीमा बढ्दो राजनीतिक उदासिनतालाई शुभसंकेतको रूपमा हेरिरहेको बताउँछन् । युवाहरूमा बढ्दो राजनीतिक उदासिनताले पाका नेताहरूको राजनीतिक पूर्वदृष्टिमा आधारित एक उग्र पुँजीवादी कोरिया, जसले सामाजिक न्याय र समानताभन्दा आज्ञाकारिता र कडा परिश्रमलाई बढी मान्यता दिन्छ, लाई नै मान्यता दिने उनले थपे ।

उनका अनुसार कोरियामा पुरातनवादी हुनुको अर्थ पश्चिमको भन्दा निकै फरक छ ।

उनी भन्छन् 'साधारण परम्परावादी लगायत धरै कोरियाली चम्किलो नीतिको र शान्ति प्रक्रियाको पक्षमा छन् । तर, राजनीतिक सन्दर्भमा उग्र दक्षिणपन्थी धारका बाबजुद उनीहरूमध्येका धेरैजसोले हन्नारा पार्टी (ग्राण्ड नेशनल पार्टी) को समर्थन गर्दछन । हो, यो विरोधाभाषपूर्ण छ, तर कोरिया आफैं विरोधाभाषपूर्ण हो ।'

आईपीएससँग कुराकानी गर्ने प्रत्येकले दक्षिण कोरियामा यस्तो प्रवृत्ति देखापर्नुमा पुँजीवादी व्यवस्था, कोरियाली इतिहास र शैक्षिक परिपाटी जस्ता विविध कारण रहेको बताए पनि केही अधिकारकर्मीहरूले यसो हुनुमा कोरियाली अभिभावक जिम्मेवार रहेको दोषारोपण गरे ।

मानवअधिकार तथा शान्ति केन्द्रका संयोजक लि सुन जुको भनाइमा धेरैजसो युवा कोरियालीहरू विशेष गरेर निम्न र मध्यम वर्गका युवामा वर्गचेतनाको अभाव छ किनकी उनीहरूका अभिभावकले उनीहरूलाई पुँजीवादी समाजलाई चुनौती दिनुको साटो त्यसभित्र रहेर 'जीवनयापन' गर्न सिकाए । परिणामवरूप कोरियाली जनसंख्याको झन्डै ८० प्रतिशत हिस्सा ओगट्ने निम्न र मध्यमवर्गका करिब सबैजसो अझै पनि २० प्रतिशत धनाढ्य वर्ग बन्नेतर्फ अभिप्रेरित देखिन्छन ।

उनी भन्छिन् 'ली म्युङ बाक (हन्नारा पार्टीको तर्फबाट राष्ट्रपतीय उम्मेदवार) ले के भन्छन् भन्नेसँग उनीहरूलाई मतलव छैन तर उनको जीवनशैलीको उनीहरू इर्ष्या गर्दछन् । किनकी उनीहरूलाई अभिभावकले त्यसैगरी हुर्काए ।

हन्नारा पार्टी संयुक्त राज्य अमेरिका र जापानसँग बलियो सम्बन्ध राख्न रुचाउँछ र प्योङयाङबाट टाढै बस्न चाहन्छ । यसै गुणका कारण सो पार्टी उत्तर कोरियाली राज्य नियन्त्रित सञ्चारमाध्यमको बारम्बार निशाना बन्ने गरेको छ ।

धेरै मानिसहरू यो उदासिन प्रवृत्ति कोरियाली इतिहासको तानाशाही शासन--खासगरी पार्क चुङ हीको समय--पनि हो भन्छन् ।

'सैनिक शासनले कोरियाली युवाहरूको आजको जीवनस्तर उकास्ने क्रममा निकै महत्वपूर्ण भूमिका खेलेको छ' हानयाङ युनिभर्सिटीका एक विद्यार्थी चोङ ह्युन जङले भने ।

'उनीहरूले मानिसलाई भविष्यमा के परिणाम आउँछ भन्ने कुरा नसोचिकन यो मात्र सोच्ने बनाए कि एकपटक हामी वर्तमानमा राम्रो जीवनयापन गर्न सक्यौं भने सबै कुरा राम्रो नै हुन्छ' उनी भन्छन् 'तर मलाई अन्य देशको तुलनामा कोरियालीले वास्तवमै धेरै अवसर पाउन सक्छन् भन्ने कुरा मिथक लाग्छ । उनीहरूका उद्देश्य कहिल्यै पूरा हुन नसक्ने खालका छन् । उदाहरणको लागि उनीहरू रामै काम पाए पनि सन्तुष्ट हुन सक्दैनन् ।'

यसको समाधानको उपाय पनि उनले सुझाए - त्यसका लागि कोरियाली युवाहरूले आना परिवारबाट बढी स्वतन्त्र हुनुपर्छ र सरकारले उनीहरूलाई आर्थिक रूपले सफल बनाउने दायित्व लिनु पर्छ । युरोपेली नमुनालाई उद्धृत गर्दै उनले भने 'कोरियामा पनि शिक्षा नि:शुल्क हुनुपर्छ ताकि विद्यार्थीहरूले परिवारबाट स्वतन्त्र भएर एक्लै बसी निजात्मक रूपमा आफूलाई चिन्न सकून् ।'

'हाल कोरियामा वैयक्तिक स्वतन्त्रता छ तर कुनै पनि निजात्मक क्रियाकलापमाथि सामाजिक परम्पराले बन्धन खडा गर्छ' उनले भने ।

कोरियाली इतिहासको सैनिक शासन र संयुक्त राज्य अमेरिकाको बलियो प्रभाव जस्ता वाह्य प्रभावबाट बढेको राजनीतिक उदासिनता र पुरातनवादी प्रवृत्तिको यो समयमा कोरियामा हालै दखापरेको वाम( पन्थी आन्दोलन निकै महत्वपूर्ण पाटो हो भन्नेमा पनि चो सहमत छन् ।

उनले भने 'कोरियाली बामपन्थी साथीहरूलाई म के भन्न चाहन्छु भने हामीले अमेरिकी अधिनायकवादविरुद्ध लड्नै पर्छ र यसको आलोचना गर्नै पर्छ । वास्तवमा त्यसमा कुनै शंका छैन । तर अर्कोतर्फ हाम्रो आनै स्वतन्त्र सोच र आनै आत्मनिर्भर कार्यगत दक्षता विकास गर्नु पर्दछ । हामी अमेरिका जस्ता वाह्य तत्वबाट निर्देशित, निश्चित गरिएका र बनाइएका कुनै निष्कृय एजेन्ट होइनौं ।'

# चीनले ओलम्पिकका लागि मृत्युदण्ड घटायो

– अन्तोअनेता बेज्लोवा

बेइजिङ (आई.पी.एस्/एन्.पी.आई.) – सन् २००८ को बेइजिङ ओलम्पिकअगाडि आफ्नो अन्तर्राष्ट्रिय छवि सुधानुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै चीनले यो वर्ष मृत्युदण्डको कार्यान्वयनमा कमी ल्याएको छ । तर पनि ऊ मृत्युदण्डको परिपाटी उन्मूलन गर्ने अवस्थाबाट निकै टाढा छ ।

१५ नोभेम्बरमा संयुक्त राष्ट्रसंघीय महासभाको मानवअधिकार कमिटीले विश्वबाट मृत्युदण्ड उन्मूलन गर्नुपर्ने प्रस्ताव पारित गर्दा चीनले उक्त कदमलाई राष्ट्रिय सार्वभौमिकतामाथिको 'गम्भीर हस्तक्षेप' र 'अनुचित' भन्दै आलोचना गर्‍यो ।

'मृत्युदण्डजस्तो जटिल समयालाई राष्ट्रसंघीय महासभा जस्तो उच्च राजनीतिकृत मञ्चमा छलफल गर्दा झन् जटिलताको अवस्था आउँछ' महासभाका लागि चिनियाँ प्रतिनिधिमण्डलका सल्लाहकार तथा वैकल्पिक प्रतिनिधि झाङ डानले आनो विज्ञप्तिमा भनेका छन् ।

'मृत्युदण्डको विषयमा अन्तर्राष्ट्रिय सहमति छैन र यसलाई स्थगन गराउन राष्ट्रसंघीय प्रस्ताव पारित गराउने प्रयासले विभिन्न राष्ट्रहरूले यो विषयमा लिएको धारणामा परिवर्तन ल्याउन सक्दैन' उनले भने ।

मृत्युदण्ड दिने राष्ट्रहरूमा चीन अग्रपंक्तिमा रहेको छ । बाँकी देशहरूले एक वर्षमा दिने मृत्युदण्डको योगफलभन्दा चीनको संख्या बढी रहेको मानवअधिकारवादीहरू बताउँछन् । केही अनुमानअनुसार अदालतको आदेशमा हुने मृत्युदण्डको वार्षिक संख्या १० हजारभन्दा बढी छ ।

२००६ मा सार्वजनिक भएका तथ्याङ्कको आधारमा एमनेष्टि इन्टरनेशनलले तयार पारेको आंकडाअनुसार चीनमा एक हजार १० जनालाई मृत्युदण्ड दिइएको छ । जुन अन्यत्र दिइएका मृत्युदण्डको कुल संख्या भन्दा दुई तिहाइ बढी हो । तैपनि बेइजिङले राष्ट्रको गोपनीयताको मामिला भन्दै मृत्युदण्डको तथ्याङ्क सार्वजनिक गर्दैन । चीनमा करछली, घूसखोरी जस्ता आर्थिक अपराध लगायत ६० विभिन्न अपराधमा फाँसीको सजाय दिने कानुन छ ।

पछिल्ला वर्षहरूमा चीनमाथि अत्यधिक आलोचित मृत्युदण्डको परिपाटीमा सुधार गर्न आन्तरिक र वाह्य दबाब बढिरहेको छ । चीनले आयोजना गर्न लागेको ओलम्पिक खेलको तिथि नजिकिँदै गर्दा अन्तर्राष्ट्रिय ध्यान यहाँको मानवअधिकारको इतिहासमाथि केन्द्रित भएको छ, मुलुकभित्रका सञ्चारमाध्यमले गलत किसिमले दिइएका मृत्युदण्डका घटनालाई साहसका साथ सार्वजनिक गरिरहेका छन् र राष्ट्रिय आक्रोश बढ्दो छ ।

पछिल्लोपटक सार्वजनिक भएको अन्यायपूर्ण मृत्युदण्डको घटनामा नगरेको अपराधमा मृत्युदण्ड पाएका आना छोराको नाम प्रष्ट पार्न एउटी आमाले १२ वर्षदेखि गरेको प्रयासको पछाडि एकाकार भएको जनमत उदाहरणको रूपमा छ ।

नि शुवु नामका ती व्यक्तिलाई बलात्कार र हत्याको अभियोगमा १९९५ मा फाँसी दिइएको थियो । सजायको १० वर्षपछि उनकी आमाले सरकारलाई फाँसीको निर्णयलाई गलत सावित गर्न पटकपटक अपिल गरिन तर, उनलाई सफलता हात लागेन । २००५ मा पक्राउ परेको एकजना बलात्कारी र हत्याराले निले गरेको भनिएको हत्याको जिम्मेवारी दाबी गरेपछि कानुनी त्रुटिविरुद्धको जनमत ज्वालामुखी झैं विस्फोट भयो ।

जनवरीमा सरकारले प्रत्येक मृत्युदण्डको फैसलामाथि सर्वोच्च अदालतले पुनर्विचार गर्ने र सर्वोच्चको अनुमोदनपछि मात्रै कार्यान्वयन गर्ने प्रावधान ल्याएर असामान्य कदम चाल्यो । विगतमा विभिन्न अदालतबाट सुनाइएका फाँसीको फैसला जबरजस्ती गराइएको साविती र हतारको सुनुवाई--अधिकांशको एकदिने--मा आधारित भएको पर्यवेक्षकहरूले

उल्लेख गरेका छन् ।

सर्वोच्च अदालतले पुनर्विचार गर्ने प्रावधान आएपछि यहाँ मृत्युदण्ड दिइएका थोरै घटना मात्र रेकर्ड गरिएको छ । यो वर्षको मृत्युदण्ड दिइएकाको संख्या १० वर्षकै सबैभन्दा कम हुने पर्यवेक्षकहरूको अनुमान छ ।

आलम्पिक नजिकिदै जाँदा सर्वोच्चले न्यायाधीशहरूलाई मृत्युदण्डको मामिलामा बढी होसियार हुन आदेश दिएको छ । सेप्टेम्बरमा सर्वोच्चको वेबसाइटमार्फत जारी आदेशमा 'ज्यादै थोरै संख्याका गम्भीर अपराध गर्नेहरूलाई' मात्र मृत्युदण्ड दिनुपर्ने तथा आवेशमा गरिने अपराध र आर्थिक अपराधका निश्चित घटनामा फाँसीको सजाय स्थगन गर्नुपर्ने उल्लेख छ ।

तर विज्ञप्ति मृत्युदण्डलाई अपराध रोक्ने उद्देश्यले पुनः प्रयोगमा ल्याउने विषयमा स्पष्ट छ । 'हामीले गम्भीर सामाजिक क्षति पुऱ्याउने डरलाग्दा घटनामा तत्काल मृत्युदण्ड कार्यान्वयन गर्नुपर्छ' विज्ञप्तिमा भनिएको छ ।

मृत्युदण्डलाई विश्वव्यापी रूपमा स्थगन गर्न आग्रह गर्ने राष्ट्रसंघीय मस्यौदा प्रस्ताव मतदानका लागि कमिटीमा प्रस्तुत गरिनै लाग्दा चीनले मुलुकको सुदूर पश्चिममा पृथकतावादी गतिविधिको योजना बनाएको आरोप लागेका पाँचजना अल्पसंख्यक मुस्लिमहरूलाई फाँसी दिने निर्णय गरिएको तथ्य सार्वजनिक गर्न आनाकानी गरेन ।

'मुलुकलाई विखण्डन गर्न... तिनीहरूले अतिवादी धार्मिक गतिविधि सञ्चालन गरे, पवित्र युद्धको पक्षमा वकालत गरे र आतंककारीलाई तालिम दिने अखडा स्थापना गरे' उनीहरूलाई दिइएको मृत्युदण्डसम्बन्धी समाचारमा सरकारी समाचार एजेन्सी सिन्ह्वाले लेखेको छ ।

युरोपेली संघ र अन्य ६० वटा मुलुकहरूले संयुक्त रूपमा प्रायोजन गरेको र ाष्ट्रसंघीय मस्यौदा प्रस्ताव अझै पनि मध्य डिसेम्बरतिर हुने अपेक्षा गरिएको १९२ सदस्यीय महासभामा मतदानका लागि प्रस्तुत गर्नुपर्नेछ । प्रस्ताव पारित भएको खण्डमा, बाध्यकारी नभए पनि त्यसले चीनमा मृत्युदण्ड खारेजीको पक्षमा अभियान सञ्चालन गरिरहेकाहरूलाई नैतिक बल प्रदान गर्नेछ ।

प्रस्तावले अझै मृत्युदण्डको अभ्यास गरिरहेका सबै सदस्य राष्ट्रलाई 'मृत्युदण्डको पूर्ण खारेजीको दृष्टिकोणसहित' स्थगन प्रस्तावको सम्मान गर्न आग्रह गरेको छ । प्रस्तावले उनीहरूलाई प्रगतिशील भएर मृत्युदण्डको प्रयोग रोक्ने सुझाव अघि सार्दै यसअघि नै खारेज गरिसकेका एक सय ३० राष्ट्रलाई त्यस्तो सजाय पुनः लागू नगर्न भनेको छ ।

चिनियाँ बुद्धिजीविहरू यहाँका सर्वसाधारणले अपराध रोक्ने तथा निर्दोष पीडितले अनुभूत गरेको दुःखद् स्मृति हटाउने उपायका रूपमा मत्युदण्डप्रति सर्वसाधारणको व्यापक समर्थन रहेको दाबी गर्दछन् ।

'मृत्युदण्ड सधैंभरि अपराध रोक्ने शक्ति नभए पनि यसले सर्वसाधारणलाई सान्त्वना दिएको छ, यो अझै पनि आवश्यक छ' चाइना युथ कलेज फर पोलिटिकल एण्ड लिगल स्टडिजका अनुसन्धाता याङ झिझु तर्क गर्छन् ।

'जबकी चीन अझै पनि कानुनी परिपाटी निर्माणकै क्रममा छ, मृत्युदण्ड सर्वसाधारणलाई सान्त्वना दिनका लागि गम्भीर रोगको कुनै उपचार उपलब्ध नभएको अवस्थामा दुखाइ कम गर्ने औषधि जस्तै आवश्यक छ' याङले साउदर्न विकेन्ड समाचारपत्रमा प्रकाशित टिप्पणीमा लेखेका छन् ।

NEPAL PRESS INSTITUTE
NPI
2041 1984
नेपाल प्रेस इन्स्टिच्यूट

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :**


npiktm@wlink.com.np